ऐन नं. १

# आर्थिक ऐन, २०७४

डिलासैनी गाउँपालिका

२०७४

डिलासैनी गाउँपालिका

## डिलासैनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

डिलासैनी गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम डिलासैनी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।
(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि डिलासैनी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि**/घरजग्गा **कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि २(१) र २(२) बमोजिम भूमि/घरजग्गा कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको वा जीवित जीवजन्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **प्राकृतिक स्रोत उपयोग कर:** गाउँपालिका क्षेत्रभित्रको प्राकृतिक स्रोतको अनूसुची (१०) मा उल्लेख भए अनूसार उपयोग गरेमा सोही अनूसुचीमा उल्लेख भएबमोजिम शूल्क लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **कर/दस्तूर संकलनसम्बन्धी अन्य व्यवस्था:** गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने यस ऐनमा उल्लेख भएबाहेकका क्षेत्रहरुमा कर तथा दस्तूर तोक्नू पर्ने भएमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी गाउँसभाबाट अनूमोदन गरी दर बनाई लागु गर्न तथा संकलन र असुल उपर गर्न सक्नेछ । तर, संघीय सरकार र प्रदेश सरकारको कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनूसुची १

| सि.नं. | एकीकृत सम्पति कर |
|---|---|
| १ | एकीकृत सम्पति कर लगाउने सम्बन्धमा आवश्यक अध्ययन गरी निर्धारण गरिनेछ । |

अनूसुची २(१)

| भुमीकर वार्षिक | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | वर्ग | न्यूनतम १५ रोपनीसम्म कर रु. मा | | थप प्रतिरोपनी रु. | |
| | | खेत | पाखो | खेत | पाखो |
| १ | अब्बल | ११ | ६ | ४ | २ |
| २ | दोयम | १० | ५ | ३ | १।५ |
| ३ | सीम | ८ | ४ | २ | १ |
| ४ | चाहार | ६ | २ | १ | ०।५ |

अनूसुची २(२)

| क्र.सं. | घरको कसिम | घरकर रु. प्रतितला वार्षिक | |
|---|---|---|---|
| | | आवासिय प्रयोजन | व्यवसायिक प्रयोजन |
| १ | ढलान भएको | १५ | २० |
| २ | सिलेटले छाएको | १० | १५ |
| ३ | खर वा जस्तापाताले छाएको | ५ | १० |

अनूसुची ३

| सि.नं. | घरबहाल कर |
|---|---|
| १ | बहाल रकमको १० प्रतिशत |

अनूसुची ४

| व्यवशाय कर | | | |
|---|---|---|---|
| **क.सं.** | **व्यावशायको किसिम** | **कर रु (वार्षिक)** | |
| | | थोक विक्रेता | खूद्रा विक्रेता |
| १ | ज्वलरी सुन चाँदीपसल | | ५०० |
| २ | मदिराजन्य पसल | ३००० | १००० |
| ३ | भिडियो क्यामेरा फोटो पसल | | २०० |
| ४ | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइलमर्मत) | ८०० | २०० |
| ५ | भाँडा पसल | ८०० | २०० |
| ६ | हार्डवयेर | | १५०० |
| ७ | खाद्यान्न किराना पसलथोक विक्रेता | | ५०० |
| ८ | खाद्यन्न किराना पसल खुद्राविक्रेता | | २०० |
| ९ | गेष्टहाउस | | ५०० |
| १० | स्टेशनरी | ५०० | २०० |
| ११ | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | | २००० |
| १२ | बहुउद्देश्यीय सहकारी -ऋण, वचत प्रतिलाख | | १००० |
| १३ | कृषि सहकारी प्रतिलाख | | ५० |
| १४ | औषधी पसल | | १००० |
| १५ | दाँत बनाउँने | | ५०० |
| १६ | निजी क्षेत्रका विद्यालय | | |
| | क) आधारभूत तह | | ३०० |
| | ख) प्राविधिक शिक्षालय वा क्याम्पस | | ५०० |
| १७ | गै.स.सं. | | १००० |
| १८ | अन्तरराष्ट्रिय गै.स.सं. | | |
| | ठेक्कापट्टा -व्यक्तिगत) | | २०० |
| | रु १० लाखभन्दा तल | | ५०० |
| १९ | रु १० लाखभन्दामाथि | | ५०० |
| २० | मासु पसल | | १०० |
| | कपडा पसल | ५०० | २०० |
| | सूचीकार । टेलर्स | | ५० |
| २१ | राइस मिलकुटनीपीसानी | | १०० |
| २२ | अन्य सबै प्रकारको व्यवशाय | २०० | १०० |

अनूसुची ५

| जडिबूटी कर व्यावशायिक प्रयोजन | | |
|---|---|---|
| **क.सं.** | **किसिम** | **कर रु** |
| १ | प्रति ट्रक १२ चक्के | १५०० |
| २ | प्रति ट्रक १० चक्के | १००० |
| ३ | प्रति ट्रक ८ चक्के | ५०० |
| ४ | खोटो प्रति टीन | १० |
| **जीवजन्तू कर व्यावशायिक प्रयोजन** | | |
| **क.सं.** | **किसिम** | **कर रु** |
| १ | प्रति भैंसीाराागा | १५० |
| २ | प्रति खसी बाख्रा | ५० |
| ३ | नदीमा माछा मार्ने प्रति ठेक्का | २००० |
| **कवाडी कर** | | |
| **क.सं.** | **किसिम** | **कर रु** |
| १ | प्रति क्विन्टल | १० |

अनूसुची ६

| सवारी साधन कर | | |
|---|---|---|
| **क.सं.** | **किसिम** | **वार्षिक कर रु** |
| १ | ट्रक, बस, ट्याक्टर | १००० |
| २ | स्काभेटर, लोडर, टिपर, डोजर, | २००० |
| ३ | जीप | ५०० |
| ४ | दूइपांग्रे सवारी साधन | १०० |

अनूसुची ७

| विज्ञापन कर | | |
|---|---|---|
| **क.सं.** | **किसिम** | **कर रु** |
| १ | प्रति होडिंग बोर्ड | २०० |

| | | |
|---|---|---|
| २ | गाडीमा गरिने विज्ञापन | १०० |

अनूसुची ८

| मनोरञ्जन कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| १ | प्रति सांगितिक महोत्सव | २००० |
| २ | प्रति खेलकूद चर्खा आदि | १००० |

अनूसुची ९

| बहाल विटौरी कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | वार्षिक कर रु |
| १ | हाट बजारमा आएको प्रति पसल | १०० |
| २ | फेरीमा सामान बेच्ने प्रति व्यक्ति | २००० |

अनूसुची १०

| प्राकृतिक स्रोत उपयोग कर (व्यावशायिक प्रयोजन) | | |
|---|---|---|
| | किसिम | कर रु |
| १ | बालूवा ढुंगा गिट्टि प्रति टिपर ठूलो | ५०० |
| २ | बालूवा ढुंगा गिट्टि प्रति ट्रक | ३०० |
| ३ | बालूवा ढुंगा गिट्टि प्रति ट्याक्टर | २०० |
| ४ | स्लेट प्रति खनेडा | २००० |

अनूसुची ११

| सेवा शूल्क दस्तूर तथा सिफारिस सम्बन्धी | | |
|---|---|---|
| सि नं | विवरण | दररेट |
| १ | घर जग्गा नामसारी सिफारिस | १०० |

| | | |
|---|---|---|
| २ | मोही लगत कट्टा सिफारिस | १०० |
| ३ | घर कायम सिफारिस | १०० |
| ४ | छात्र बृत्ति सिफारिस | निशुल्क |
| ५ | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | निशुल्क |
| ६ | अपांग सिफरिस | निशूल्क |
| ७ | अस्थायी बसोवास सिफारिस | १०० |
| ८ | स्थायी वसोवास सिफारिस | १०० |
| ९ | नागरिकता सिफारिस | १०० |
| १० | नागरिकता र प्रतिलिपि सिफारिस | १२५ |
| ११ | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशूल्क |
| १३ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १००० |
| १४ | विद्युत जडान सिफारिस | १०० |
| १५ | धारा जडान सिफारिस | १०० |
| १६ | जिवित रहेको सिफारिस | १०० |
| १७ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १०० |
| १८ | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | २०० |
| १९ | व्यवसाय वन्द सिफारिस | १०० |
| २० | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० |
| २१ | व्यापार व्यवसाय नभएको सिफारिस | १०० |
| २२ | कोट फी मिनाहा सिफारिस | निशूल्क |
| २३ | नावालक परिचयपत्र सिफारिस | १०० |
| २४ | चौपाया सम्बन्धी सिफारिस | १०० |
| २५ | व्यवसाय दर्ता वा सिफारिस | २०० |
| २६ | उद्योग ठाउँ सरी सिफारिस | १००० |
| २७ | विद्यालय ठाउँ सरी सिफारिस | ५०० |
| २८ | आन्तिरिक बसाइँसराई सिफारिस | १०० |

| | | |
|---|---|---|
| २९ | व्यक्तिगत विवरण सिफारिस | १०० |
| ३० | जग्गा दर्ता सिफारिस | २०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | १०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशूल्क |
| ३४ | जिवित संगको नाता प्रमाणित | १०० |
| ३५ | मृतक संगको नाता प्रमाणित | १०० |
| ३६ | कोठाखोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | १५० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशूल्क |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | निशूल्क |
| ३९ | संस्थादर्ता वा सिफारिस | २०० |
| ४० | घरबाटो प्रमाणित | २०० |
| ४१ | चार किल्ला प्रमाणित | २०० |
| ४२ | जन्म मिति प्रमाणित | १०० |
| ४३ | विवाह प्रमाणित | १०० |
| ४४ | कागज मन्जुरीनामा प्रमाणित | १०० |
| ४५ | हकवाला वा हकदार प्रमाणित | १०० |
| ४६ | अविवाहित प्रमाणित | १०० |
| ४७ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २०० |
| ४८ | जग्गा धनीपूर्जा हराएको सिफारिस | १०० |
| ४९ | पूर्जामा घर कायम गर्ने सिफारिस | २०० |
| ५० | अंग्रेजी सिफारिस तथा प्रमाणित | २०० |
| ५१ | मिलापत्र कागज /उजुरी दर्ता | १०० |
| ५२ | जन्मदर्ता | ५० |
| ५३ | मृत्यु दर्ता | ५० |
| ५४ | वसाई सराई आउने/जाने दर्ता | १०० |
| ५५ | पक्का घरको सर्जमिन वापत | निशूल्क |
| ५६ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | निशूल्क |

| | | |
|---|---|---|
| ५७ | अचल सम्पत्ति मूल्याकंन | २००० |
| ५८ | रकम कलम उढाई दिएवापत | ५ प्रतिशत |
| ५९ | सम्वन्धविच्छेद दर्ता | २०० |
| ६० | विवाह दर्ता | १०० |
| ६१ | व्यवसाय नविकरण दर्ता | १०० |
| ६२ | **उल्लेखित बाहेक अन्य** | |
| | सिफारिस (संस्थागत) | २०० |
| | सिफारिस (व्यक्तिगत) | १०० |
| | प्रमाणित (संस्थागत) | ३०० |
| | प्रमाणित (व्यक्तिगत) | १०० |
| | संशोधन | २०० |
| | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | १०० |

डिलासैनी गाउँपालिका